नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना प्रविधि विभाग**

आ.व. २०७५/०७६ (साउन १ देखि असोज मसान्त सम्म)

***सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण***

## १. पृष्ठभूमि

सूचना प्रविधि क्षेत्रमा भईरहेको विश्वव्यापी तिब्रतर विकास तथा उपयोगसंग तादात्म्यता कायम गर्ने गरी सूचना प्रविधिको प्रयोगलाई नेपालको आर्थिक बिकासका लागि विस्तार गरिनु आजको वाञ्छित आवश्यकता हो | नेपालको आर्थिक सामाजिक क्षेत्रको दिगो विकासमा सूचना प्रविधि क्षेत्रले उल्लेख्य योगदान पुर्‍याउन सक्ने सम्भावना र अवसरलाई अधिकतम उपयोग गर्न आवश्यक छ सार्वजनिक सेवाहरुको प्रवाहमा प्रभावकारिता | हासिल गर्दै सेवाग्राहीहरुको पहुँचलाई सहज तुल्याई सुशासनलाई सुनिश्चितता प्रदान गर्नमा सूचना प्रविधिको उपयोगलाई तिब्रता दिनुआवश्यक देखिन्छ |

नेपालमा निजी क्षेत्रले सूचना प्रविधिको उपयोग तिब्र गतिले बृद्धि गर्दै आएको छयसबाट नि |जी क्षेत्रको कार्यसम्पादनस्तरमा उल्लेख्य वृद्धि भएको मानिन्छतर नि | जी क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय तुल्याउन नियमनको प्रभावकारी व्यवस्था हुन नसकेको र केन्द्रदेखि स्थानीय स्तरसम्म निजी क्षेत्र अन्तर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रुपले प्रवर्द्धन गरि सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवं सोबाट आउन सक्ने बिकृतिहरु नियन्त्रण गर्न प्रभावकारी नियमनको लागि आधिकारिक संरचनागत संयन्त्रको अभाव रहेको पृष्ठभूमिमा सूचना प्रविधि विभागको गठन भएको हो |

सूचना प्रविधिको उच्चतम प्रयोग गर्दे सुशासनगरिबी न्यूनीकरण लगायत सामाजिक तथा आर्थिक रुपान्तरण , र दिगो बिकासका लक्षहरु प्राप्त गर्न राष्ट्रिय सूचना प्रविधि नीति २०६७ ,कार्यान्वयनको क्रममा छ ,विज्ञान | प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत सूचना प्रविधिको अनुसन्धानउपयोग तथा नियमन ,विकास , लगायतका कार्यहरु प्रभावकारी ढंगले सम्पादन गर्न र सूचना प्रविधिको क्षेत्रमा नियामक ,उत्प्रेरकको भूमिका निर्वाह गर्ने गरी मन्त्रिपरिषद्को २०६९ ११ को निर्णयबाट सूचना प्रविधि विभागको गठन भएको / २ / छ।

## २. निकायको स्वरुप र प्रकृति

सूचना प्रविधिको अनुसन्धानउपयोग तथा नियमन लगायतका कार्यहरु प्रभावकारी ढंग ,विकास ,ले सम्पादन गर्न र सूचना प्रविधिको क्षेत्रमा नियामक ,उत्प्रेरकको भूमिका निर्वाह गर्ने गरी जम्मा ३५ जना कर्मचारी सहित सञ्चार तथा सूचना प्रविधि अन्तर्गत सूचना प्रविधि विभागको गठन भएको हो।

## ३. निकायको काम, कर्तव्य र अधिकार

सूचना प्रविधि विभागको संगठनात्मक संरचना तथा कार्यविवरणका आधारमा निम्न वमोजिमका काम, कर्तव्य र अधिकारहरु निर्धारण गरिएको छ ।

- सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यान्वयन निकायको भूमिका निर्वाह गर्ने ।
- सूचना प्रविधिको उपयोगमा अन्तरनिकाय समन्वयकर्ताको कार्य गर्ने ।
- नेपाल सरकारको विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगलाई विश्वसनीय एवं सुरक्षित तुल्याउने ।
- मुलुकमा विद्युतीय सुशासन (e-governance) व्यवस्थालाई उत्तरदायीपूर्ण तुल्याई शासन प्रणालीको तल्लो तहसम्म विस्तार गर्नमा सहजीकरण गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा रोजगारीका अवसरहरू विस्तार गर्ने ।
- सरकारी निकायहरुलाई आआफ्नो क्षेत्रमा सूचना एवं सेवा प्रवाहमा प्रभावकारिता ल्याउन ) सूचना प्रविधिमा आधारित रणनैतिक अवधारणा एवं कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न उत्प्रेरित गर्ने ।
- सरकारी निकायका सूचना प्रविधिजन्य कार्यहरुमा एकरुपमा )Standardizationल्याउनका ( लागि नेपाल सरकारद्धाराDevelop गरिएको Government Enterprise Architecture (GEA) लाई प्राथमिकता साथ लागु गर्ने ।
- Government Integrated Data Center (GIDC) लाई प्रभावकारी वनाई सूचना प्रविधि विकासको मूख्य पूर्वाधारको रुपमा विकास गर्ने ।
- मन्त्रालयको मार्गनिर्देशनमा रही अन्तर्राष्ट्रियस्तरमा प्रचलित सूचना प्रविधिबारे अध्ययन अनुसन्धान गरी उपयुक्त प्रविधिलाई मुलुकको आर्थिक–सामाजिक विकासको क्षेत्रमा प्रयोगमा ल्याउने ।
- विद्युतीय कारोबारलगायत अन्य क्षेत्रलाई मुलुकभित्र व्यवस्थित ढंगले विस्तार गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई प्रवद्र्धन गर्ने ।
- सूचना प्रविधि क्षेत्रमा जनताको पहुँच अभिवृद्धि गर्ने ।
- परम्परागत सूचना प्रविधिको आधुनिकीकरण गरी प्रयोगमा ल्याउने ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको पठनपाठनको व्यवस्था गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा संख्यात्मक र गुणात्मक हिसाबले जनशक्तिको विकास गर्ने ।

- सूचना प्रविधिसम्बन्धी प्राविधिकहरूका लागि आवश्यक मापदण्डहरू (Code & Specifications) तयार गरी निकायगत सबलीकरण गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिको वृत्ति विकास तथा सक्षमता अभिवृद्धि गर्ने।

## ४. संगठन संरचना

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/१/४ को निर्णयानुसार पुर्न संरचना भई स्वीकृत संगठन संरचना



सूचना प्रविधि विभागको लागि माथि उल्लेख भए अनुसारको कार्यक्षेत्र एवं जिम्मेवारी पूरा गर्न तदनुरूपको संगठनात्मक संरचना, दरबन्दी तथा कार्य विवरण, निश्चित गरिएको छ । सूचना प्रविधि विभागलाई तत्काल कार्यान्वयनमा ल्याउन विभिन्न स्तरका गरी जम्मा ३५ जनाको दरबन्दी कायम गरिएको छ । सूचना प्रविधि विभागको संगठनात्मक संरचनाअन्तर्गत निम्न बमोजिम तीनवटा शाखा र एघारवटा ईकाईहरु रहेका छन ।

- **विद्युतीय शासन शाखा**
  - प्रणाली विकास तथा संचालन र मापदण्ड निर्धारण ईकाई
  - समन्वय, प्रवर्धन तथा तालिम ईकाई
  - आर्थिक प्रशासन ईकाई

- **पूर्वाधार विकास, अनुसन्धान, सुरक्षण तथा नियमन शाखा**
  - पूर्वाधार विकास ईकाई
  - अनुसन्धान र सुरक्षण ईकाई
  - अनुमती तथा नियमन ईकाई

- **प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा**
  - प्रमाणीकरण विद्युतीय हस्ताक्षर ईकाई
  - साइबर फरेन्सिक ईकाई
  - कानून तथा परामर्श ईकाई
  - प्रशासन, योजना र अनुगमन ईकाई

## ५. दरबन्दी तेरिज

| क्र.स | नाम | श्रेणी | सेवा | समूह | कायम दरबन्दी |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | विविध | | १ |
| २ | निर्देशक | रा.प.द्वितीय | विविध | | ३ |
| ३ | सूचना प्रविधि अधिकृत | रा.प.तृतीय | विविध | | २ |
| ४ | सूचना प्रविधि इन्जीनियर | रा.प.तृतीय | विविध | | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ |
| ६ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ |
| ७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ |
| ८ | नायब सुब्बा | रा.प.अं.प्रथम | विविध | सा.प्र. | ३ |
| ९ | लेखापाल | रा.प.अं.प्रथम | लेखा | लेखा | १ |
| १० | कम्प्यूटर टेक्निसियन | रा.प.अं.प्रथम | विविध | | ८ |
| ११ | हलुका सवारी चालक | श्रेणी विहीन | करार | | २ |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहीन | करार | | ६ |
| | **जम्मा** | | | | **३५** |

## ६. निकायवाट प्रदान गरिने सेवाहरु (महाशाखा/शाखागत कार्य विभाजन)

यस विभागको शाखागत कार्य विवरण देहाय अनुसार रहेको छः-

➢ **विद्युतीय शासन शाखाः**

- विद्युतीय शासन व्यवस्थाका लागि विभिन्न सरकारी निकायहरूसंग सम्पर्क गर्ने र तिनको क्षमता वृद्धिमा सहयोग पुऱ्याउने,
- सरकारी सूचना प्रविधि प्रणालीहरुको मापदण्ड Government Enterprise Architecture (GEA) तयार गरी लागु गर्ने ।
- Data Centre तथा Cloud सेवा सँचालनका लागि मापदण्ड बनाइ लागु गर्ने ।
- विभित्र सरकारी निकायहरुलाई विद्युतीय सुशासनको लागि आवश्यक Software Application हरुको पहिचान गर्ने र त्यस्ता Application हरुको निर्माण कार्यमा सम्बन्धित निकायहरुलाई सहजिकरण गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा प्रयोग भइ रहेका सूचना प्रविधि प्रणालिहरुको विवरण अध्यावधिक गर्ने ।

- सूचना प्रविधि क्षेत्र अन्तर्गत संघ, प्रदेश र स्थानीय तह बीच प्रयोग हुने सूचना प्रविधिको स्तर निर्धारण, संकेत निर्धारण र विकास, मापदण्ड तर्जुमा गर्ने ।
- सूचना प्रविधि क्षेत्रमा तालिमका आवश्यकताहरू पहिचान गर्ने,
- सूचना प्रविधि विज्ञहरूको माग तथा आपूर्ति स्थिति विश्लेषण गर्ने गराउने र सूचना प्रविधि सम्बन्धी राष्ट्रियस्तरका विज्ञहरूको सूची अद्यावधिक गर्ने,
- सार्वजनिक निकायहरुद्वारा प्रदान गरीने विद्युतीय सेवा (e-service) हरुलाई integrate गर्ने ।
- विद्युतीय सेवाहरुको प्रभावकारी सँचालन गर्न आवश्यक साझा प्रणालीहरुको विकास गर्ने ।
- विभाग तथा मातहतको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने गराउने,
- स्वीकृत कार्यक्रमहरू कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने गराउने,
- विभाग तथा अन्तर्गत निकायहरूबाट भए गरेका चौमासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम प्रगति प्रतिवेदन तयारी गर्ने ।
- विभाग र अन्तर्गत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको वैयक्तिक विवरणसहितको अभिलेख राख्ने,
- कर्मचारीहरूको सरुवा, बढुवा तथा पदस्थापनासम्बन्धी कार्य गर्ने,
- जिन्सी व्यवस्थापन, खरिद व्यवस्थापन लगायत आन्तरिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने,
- वार्षिक बजेट र अख्तियारी बमोजिम निकासा प्राप्त रकम खर्च गरी तोकिए बमोजिम लेखा राख्ने,
- वार्षिक आय–व्यय विवरण तयार पारी लेखापरीक्षण गराउने,
- लेखापरीक्षणबाट उठेका बेरुजुहरूको लगत राखी सम्परीक्षण गराउने ।

### ➢ पूर्वाधार विकास, अनुसन्धान, सुरक्षण तथा नियमन शाखा

- सूचना प्रविधि पार्कको संचालन र व्यवस्थापन गर्ने,
- सूचना प्रविधि सम्बन्धी ऐन–नियम, विनिमय बमोजिम काम भए नभएको बारे राय प्रदान गर्ने,

- अदालतबाट भएका आदेशहरूको लिखत जवाफ वा प्रतिउत्तर तयार पार्ने,
- सूचना प्रविधि विषयमा परेका उजुरीमाथि छानबिन गरी आवश्यक राय पेस गर्ने,
- आवश्यकता अनुसार प्रमाणिकरण नियन्त्रकको कार्यालयसँग समन्वय गर्ने,
- सार्वजनिक निकायहरुको सूचना सुरक्षा एवं तथ्यांक सुनिश्चित गर्ने कार्यलाई सुदृढ गर्ने,
- कानुनी राय दिने,
- नेपाल सरकारका बिभिन्न निकायहरुलाई एउटै Network मा आवद्द गर्दै जाने,
- Digital divide कम गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने ।
- सफ्टवेयर पाइरेसी एवं सूचना प्रविधिजन्य अपराध कम गर्न विद्यमान कानुनी उपचारको प्रचार प्रसार गर्ने,
- सरकारी निकायका सूचना प्रविधि प्रणालीहरुको समपरिक्षण (IT System Audit)गर्ने,
- सूचना प्रविधि व्यवसाय सञ्चालनका लागि प्रचलित कार्यविधि एवं कानुन बमोजिम इजाजत र अनुमति नवीकरण सम्बन्धी कार्य गर्ने,
- सूचना प्रविधि सम्बन्धी मौजुदा कानुनी प्रावधानहरू सम्बन्धमा गर्नुपर्ने सुधारका बारे अध्ययन गरी आवश्यक बुँदाहरू सिफारिस गर्ने,
- सूचना प्रणाली आपत्तकालीन उद्धार टोली (Information Technology Emergency Response Team) को संचालन गर्ने,
- उपयुक्त सूचना प्रविधिको विकास तथा पहिचान गर्ने ।

➢ **प्रमाणिकरण तथा साईबर फरेन्सिक शाखा**

- Root Certifying Authority को रुपमा कार्य गर्ने ।
- विद्युतीय हस्ताक्षर जारी गर्ने प्रमाणीकरण गर्ने निकाय (Certifying Authority (CA)) हरुको नियमन गर्ने ।
- प्रमाणीकरण गर्ने निकाय )Certifying Authority) लाई ईजाजत पत्र प्रदान गर्ने तथा निजको काम कारबाहीको सुपरिवेक्षण र अनुगमन गर्ने ।
- Certifying Authority (CA) को सूचनाको सुरक्षा संवेदनशील परिक्षण )Information Security Audit) गर्ने ।

- CA को कार्यस्तर निर्धारण र ग्राहकसँगको व्यवहार र सेवाको गुणस्तरको प्रक्रिया निर्धारण गर्ने ।
- प्रमाणपत्रको ढाँचा र विषयवस्तु निर्धारण गर्ने ।
- डिजिटल हस्ताक्षरको अभिलेख खडा गर्ने, तथ्यांक पहुँचयोग्य र अध्यावधिक गर्ने ।
- CA लाई ईजाजत पत्र प्रदान गर्ने शर्त निर्धारण गर्ने ।
- विद्युतीय अपराधको सम्बन्धमा प्राप्त उपकरणहरुको परिक्षण (Cyber Forensics Investigation) गर्ने ।
- ऐन र नियमावलीको उद्देश्य कार्यान्वयन गर्न आवश्यक सम्पूर्ण कार्य गर्ने ।

## ७. सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था

- सूचना तथा संचार प्रविधि नीति, २०७२
- विद्युतीय कारोबार ऐन (इलेक्ट्रोनिक), २०६३
- विद्युतीय कारोबार नियमावली, २०६४
- सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०६८
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा संचालन) निर्देशिका, २०७१
- सूचना, प्रविधि पार्क (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२
- ई भिलेज कार्यक्रम संचालन तथा व्यबस्थापन कार्यविधी – २०७०
- सूचना प्रविधि मैत्री विद्यालय (Smart School) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

## ८. कार्यालय प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम, पद र सम्पर्क टेलिफोन नम्बर

कार्यालय प्रमुख - लक्ष्मी प्रसाद यादव, महानिर्देशक, ९८४१४३९२९०, laxmi.yadav@doit.gov.np

सूचना अधिकारी– लोकराज शर्मा, निर्देशक,९८५११६५९८३, sharma_lokraj@doit.gov.np

## ९. विभागको नागरिक वडा पत्रः-

नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सूचना प्रविधि विभाग

# नागरिक वडापत्र

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न सेवाग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया | आवश्यक कागजात | लाग्ने शुल्क | लाग्ने अनुमानित समय | जिम्मेवार कर्मचारीशाखा/ | सेवा प्रवाह गर्ने समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| .1 | पत्रनिवेदन दर्ता/ | पत्रनिवेदन/ | - | निःशुल्क | तत्काल | दर्ताचलानी/ | कार्यालय समय भित्र | महानिर्देशक |
| .2 | भुक्तानीधरौटी , | बिल | बिलदाखिला आदेश /खरिद , वा प्रकृया पूरा भएको | निःशुल्क | बढीमा 7कार्यदिन | लेखा अधिकृत (आर्थिक प्रशासन एकाइ) | कार्यालय समय भित्र | महानिर्देशक |
| .3 | IT System/Web Application/ Website (Security) Audit(सरकारी निकायको) | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | कार्यवोझका आधारमा 15 देखि 2कार्यदिन | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .4 | IT Emergency Response सम्वन्धी | निवेदन | - | निःशुल्क | कार्यवोझका आधारमा 15 देखि 2कार्यदिन | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .5 | Government Cloud को सेवा प्रदान गर्ने | आधिकारिक पत्र | फाराम | निःशुल्क | 1कार्यदिनभित्र | निर्देशक (विद्युतीय शासन शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .6 | सूचना प्रविधि प्रणाली प्रणालीमापदण्ड (GEA) अनुसार भएनभएको जाँच गर्ने- | आधिकारिक पत्र | Requirement Analysis & Design Document | निःशुल्क | 1५कार्यदिनभित्र | निर्देशक (विद्युतीय शासन शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .7 | IT Park शैक्षिक भ्रमण सम्बन्धी | आधिकारिक पत्र | - | निःशुल्क | 3कार्यदिनभित्र | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .8 | प्राविधिक परामर्श प्रदान गर्ने | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | 2कार्यदिनभित्र | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .9 | सरकारी कर्मचारीलाई आई.टी. सम्बन्धी तालिम प्रदान गर्ने | निवेदनआधिकारिक पत्र/ बजेट व्यवस्था | - | निःशुल्क | महिनाभित्र 1 | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .10 | सूचना प्रविधि सम्बन्धी र यस विभागसँग सम्बन्धित जानकारी | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | बढीमा 7कार्यदिन | सूचना अधिकारी | कार्यालय समय भित्र | महानिर्देशक |
| .11 | जनगुनासो र उजुरी छानबिन | निवेदन वा सूचना | सम्बन्धित कागजातहरू | निःशुल्क | बढीमा 7कार्यदिन | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .12 | योजनाकार्यक्रम तथा , प्रगति सम्बन्धी | निवेदन | - | निःशुल्क | बढीमा 7कार्यदिन | निर्देशक (प्रमाणीकरण तथा साईबर फरेन्सिक शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .13 | Centralized e-Attendance जडान सम्बन्धी | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | बढीमा 5कार्यदिन | निर्देशक (पूर्वाधार विकास, अनुसन्धान, सुरक्षण तथा नियमन शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .14 | e-School MIS | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | - | निर्देशक (पूर्वाधार विकास, अनुसन्धान, सुरक्षण तथा नियमन शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| .15 | ICT in Education & Digital Content सम्बन्धी | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | बढीमा 2कार्यदिन | निर्देशक (पूर्वाधार विकास, अनुसन्धान, सुरक्षण तथा नियमन शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |

**नोटः-**

- कार्यालय समय प्रत्येक शुक्रवार साँझ बजे सम्म र शनिबार कार्यालय बन्द रहनेछ ।
- उपर्युक्त बमोजिम प्रदान हुने सेवा प्राप्त गर्न कुनै कठिनाई आइपरेमा सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क राख्न सकिनेछ ।
- विभागवाट प्रदान हुने सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क गर्दा सेवाग्राही सन्तुष्ट हुन नसकेमा सम्बन्धित शाखाका निर्देशकसमक्ष उजुरी दिन सकिनेछ ।
- निर्देशक समक्ष दिएको उजुरीको सुनुवाई कामको प्रकृतिअनुसार तुरून्त हुनेछ । त्यहाँवाट पनि कामको फर्छ्यौट हुन नसकेमा महानिर्देशकसँग सम्पर्क गर्न सकिनेछ ।
- कार्यालयसम्बन्धी जानकारीको लागि प्रशासन योजना तथा अनुगमन ,एकाईमा सम्पर्क राख्न सकिनेछ ।
    - कार्यालय सम्पर्कः .फोन नं -०१-५२४४५३९,०१५२४४१६७-,०१ ५२४४७०-फ्याक्स नं .०१-५२४४८९८

ईमेलः -info@doit.gov.np वेबसाइटः -www.doit.gov.np

## १०. आ.ब. २०७५/७६ को वार्षिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत) (रु.हजार)

| वार्षिक विनयोजन | | कुल वार्षिक खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| चालु | पुँजिगत | चालु | पुँजिगत | वित्तीय | भौतिक |
| ५२८०० | ७९४०० | ५५२२ | ५३९ | ४.५८ | ११.७ |

## ११. आ.ब. २०७४/७५ को मुख्य मुख्य कार्यक्रम र प्रगति

| सि.न. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | • Government Cloud को पूर्वाधार विस्तार<br>• Government Cloud सम्बन्धि सफ्टवेयर खरिद<br>• Government Cloud सम्बन्धि Support Service खरिद<br>• Government Cloud सम्बन्धि कर्मचारी दक्षता तालिम | हालसम्म ६४ वटा निकायले प्रयोग गरेको ।<br>जसमा १४४ वटा System Host गरिएको । | |
| २ | केन्द्रिकृत विद्युतीय हाँजिरी प्रणाली (Centralized E-Attendance System )को Extension तथा Support & Maintenance | विभागद्वारा सञ्चालित Web-based Centralized E-Attendance System लाई विभिन्न निकायहरुवाट प्राप्त Feedback बमोजिम Enhancement गरी २५ वटा मन्त्रालय, विभाग, आयोग लगायतका सरकारी निकायहरुमा आवश्यकता बमोजिम E-Attendance Device समेत उपलव्ध गराई विस्तार गरिएको र उक्त निकायहरुमा Support & Maintenance सम्बन्धी सेवा प्रदान गरिएको । | |
| ३ | सरकारी निकायको सिस्टम सफ्टवयेर, websites हरुको अडिट गर्ने(अन्य) | अनुरोधको आधारमा आ.व. २०७४/७५ निम्नलिखित ९ वटा सरकारी निकायहरूका website / web portal हरूको web security audit सम्पन्न गरी site सुरक्षित बनाउन आवश्यक सुझाव सहित प्रतिबेदन दिइएको ।<br>❖ श्री गृह मन्त्रालय<br>❖ श्री माटो व्यवस्थापन निर्देशनालय<br>❖ श्री सम्पत्ति शुद्धिकरण अनुशन्धान विभाग<br>❖ श्री सामाजिक सुरक्षा कोष<br>❖ श्री कम्पनि रजिष्टार कार्यालय<br>❖ श्री युवा तथा खेलकुद मन्त्रालय<br>❖ श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>❖ श्री वाणिज्य विभाग<br>❖ श्री महालेखा नियन्त्रकको कार्यालय | |

| | | | |
|---|---|---|---|
| | | (हाल सम्म ५३ वटा निकाय/IT System को Security Audit गरिएको) | |
| ४ | CERT सम्बन्धि software हरु खरिद गर्ने(सफ्टवेयर निर्माण तथा परामर्श) | सरकारी निकायका वेभसाईट लगायत वेभबेस्ट सिस्टमहरुको सुरक्षा जाँच गर्न Acunetix Web Vulnerability Scanner को licenses खरिद भएको साथै विभागका सबै कर्मचारीले प्रयोग गर्ने Desktop/Laptop को लागि licenses खरिद भएको | |
| ५ | एकीकृत सूचना प्रविधि सेवा केन्द्र र ई-भिलेज | काभ्रेको मण्डनदेउपुर नगरपालिकामा एकीकृत सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याईएको र देशका विभिन्न जिल्लाहरुमा स्थापना गरिएका ई-भिलेज केन्द्रहरुको लागि केन्द्रको प्रगति बमोजिम Support & Maintenance सम्बन्धी कार्यहरु गरी काठमाण्डौमा प्रगति सम्बन्धी छलफल र तालीम सञ्चालन गरिएको । | |
| ६ | IT Park को Transformer मर्मत | IT Park पनौतीमा लामो समय देखि विग्रिएर रहेको NEEK कम्पनीको ३१५ के.भि.ए.को Transformer उक्त कम्पनीको हेटौंडा फ्याक्ट्रीमा लगि मर्मत गराई विद्युत प्राधिकरणमार्फत जडान गरिएको । | |
| ७ | सूचना प्रविधि विभागका सूचना प्रविधि सम्बन्धि कर्मचारीहरुलाई professional training(कर्मचारी दक्षता बृद्धि तालिम (प्रमाण पत्र दिने) | सूचना प्रविधि विभागमा कार्यरत निर्देशक, ईन्जिनियर/अधिकृत र कम्प्युटर टेक्निसियनहरुलाई सूचना प्रविधि प्रणाली व्यवस्थापन सो को सुरक्षण लगायतका निम्न बमोजिमका तालिमहरु प्रदान गरियो।<br>Java SE<br>Certified Ethical Hacker<br>COBIT (Control Objectives for Information and Related Technologies)<br>Search Engine Optimization | |
| ८ | कर्मचारीहरुलाई नविनतम सूचना प्रविधि सम्बन्धि तालिम तथा अभिमुखिकरण(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | सरकारी निकायका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी निम्न अनुसारको तालिम प्रदान गरियो ।<br>❖ ITIL (Information Technology Infrastructure Library)Foundation<br>❖ CISSP (Certified Information Systems Security Professional)<br>❖ Red hat Open Stack Cloud Administration<br>❖ Certified Ethical Hacker<br>❖ Cyber Security<br>❖ Software Assets Management<br>❖ Customized CISCO Networking<br>❖ Word Press with Woo Commerce<br>❖ Administering Windows Server 2012<br><br>जम्मा सहभागी संख्या २३० | |
| ९ | स्थानीय स्तरका विद्यालयका शिक्षकहरुलाई Basic Computer Skills, सरकार द्वारा प्रदान गरिएका online सेवा ( जन्म दर्ता , | सातै प्रदेशका सामुदायिक विद्यालयकाहरुका जम्मा ६० जना शिक्षकहरुलाई Basic Computer Skills, सरकार द्वारा प्रदान गरिएका online सेवा र इन्टरनेट social media को सुरक्षित प्रयोग समेटिएको सात दिने digital literacy तालिम प्रदान | |

| | | | |
|---|---|---|---|
| | कर, passport , online form) र इन्टरनेट social media को<br>सुरक्षित प्रयोग सम्बन्धि तालिम (Digital Literacy) | गरिएको | |
| १० | साईबर सुरक्षा सम्बन्धी जनचेतना मुलक कार्यक्रम | निम्न सरकारी विद्यालय/उच्च मा.वि/कलेज का विद्यार्थीहरुलाई साईबर सुरक्षा सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरियो<br>❖ श्रीयन्त्र कलेज, दमक, झापा<br>❖ जनक उच्च मा.वि.,गैडाकोट,नवलपरासी<br>❖ श्री बंश गोपाल मा.वि. , मकवानपुर<br>❖ श्री महेन्द्र मा.वि., नुवाकोट<br>❖ नेपाल राष्ट्रिय मा.वि., मटिअर्वा, बारा<br>❖ नेपाल राष्ट्रिय मा.वि., पिप्रदी, वेनौली, बारा<br>❖ किटिनि मा.वि., ललितपुर<br>❖ श्री मा.वि., सिन्धुली<br>❖ श्री भालेश्वर मा.वि., पनौती, काभ्रे<br>❖ श्री ईन्द्रेश्वर मा.वि., पनौती, काभ्रे<br>जम्मा सहभागी संख्या ५५० | |
| ११ | Digital Content को विकास | कक्षा ४ देखि १२ सम्मको विज्ञान (भौतिक, रसायन, जीव), गणित र ऐ. गणित विषयको सबै पाठ्यक्रम समेटिने गरी विशेषज्ञ शिक्षकहरुवाट शैक्षिक सामग्रीहरुको प्रयोग गरी Teaching Audio-Visual Material निर्माण गरिएको । निर्माण भएका सबै डिजिटल शिक्षण सामग्रीहरु Government Cloud र YouTube मा राखिएको । | |
| १२ | Digital Class लागू गर्ने | विभिन्न जिल्लाका २९ वटा सामुदायिक विद्यालयहरुमा १ सेट ल्यापटप, १ सेट प्रोजेक्टर, १ सेट साउण्ड सिस्टम र विभागले निर्माण गरेका डिजिटल शिक्षण सामग्रीहरु राखिएको १ सेट हार्डडिस्कउपलव्ध गराई प्रत्येक स्कुलहरुमा गई सेटअप र तालीम प्रदान गरिएको । | |
| १३ | ICT Day मनाउने | सो कार्यक्रम अन्तर्गत गठित मूल समारोहको रोहबरमा सुचना तथा संचार प्रविधि दिवस कार्यक्रमको प्रचार प्रसार लगायत उक्त may 19 का दिन प्रभातफेरी, सूचना प्रविधि सम्बन्धि जनचेतना अभिवृद्धि गर्न विभिन्न स्कुल तथा कलेजहरुमा सचेतानात्मक कार्यक्रम गरिनुका साथै विभिन्न ICT को क्षेत्रमा योगदान पुर्याउनु हुने विशिस्ट व्यक्तित्वहरुलाई कदरपत्र प्रदान लगायत माननीय मन्त्रीज्युको उपस्थितिमा विभिन्न कार्यक्रम गरियो । | |
| १४ | स्थानीय तहको Website “सरकारी निकायको वेबसाइट निर्माण तथा | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाटपहिले वाट नै स्थानीय निकायहरुमा प्रदान गरिने Website Template को | |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन निर्देशिका, २०६८" अनुसारको हुनेगरी एउट} Templateको प्रयोग गरी निर्माण गर्ने व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरी मिलाउने । | विकास गरी सोको विभिन्न स्थानीय निकायले प्रयोग गरिरहेको अवस्थामा उक्त प्रणालीको सुरक्षार्थ यस विभागले सम्बन्धित मन्त्रालयसंग समन्वयन गरी सोको Vulnerability Assessment and Penetration Testing(VAPT) गरी त्यसमा देखिएकाजोखिमहरुको न्यूनीकरण गर्न आवश्यक सुधार सहितको प्रतिवेदन सम्बन्धित निकायमा पठाइएको । | |
| १५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतका निकायहरुको एकीकृत डयासबोर्ड निर्माण | यस मन्त्रालय अन्तर्गतका सम्पूर्ण निकायहरुको KPI(Key Performance Indicator) तयार गरि कार्यान्वयनमा रहेको । | |

## ११ (क) यस अवधिका मूख्य मूख्य कार्यक्रम र प्रगति

| सि.न. | मुख्य कार्यक्रम/अन्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | Government Cloud को पूर्वाधार विस्तार | हालसम्म ९२ वटा निकायले प्रयोग गरेको ।<br>जसमा १७० वटा System Host गरिएको । | |
| २ | केन्द्रिकृत विद्युतीय हाँजिरी प्रणाली (Centralized E-Attendance System )को Extension तथा Support & Maintenance | विभागद्वारा सञ्चालित Web-based Centralized E-Attendance System लाई विभिन्न निकायहरुवाट प्राप्त Feedback बमोजिम Enhancement गरी ९२ वटा मन्त्रालय, विभाग, आयोग र स्थानीय तह लगायतका सरकारी निकायहरुमा अनुरोध बमोजिम E-Attendance Device समेत उपलव्ध गराई विस्तार गरिएको र उक्त निकायहरुमा Support & Maintenance सम्बन्धी सेवा प्रदान गरिएको । | |
| ३ | Federal Structure मा GEA को कार्यान्वयन तथा Artifact तयार गर्ने | EOI माग भएको | |
| ४ | सरकारी निकायको सिस्टम सफ्टवयेर, websites हरुको अडिट<br>गर्ने(अन्य) | अनुरोधको आधारमा निम्नलिखित १० वटा सरकारी निकायहरूका website / web portal हरूको web security audit सम्पन्न गरी site सुरक्षित बनाउन आवश्यक सुझाव सहित प्रतिबेदन दिइएको ।<br>❖ श्री प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय<br>❖ श्री मुद्रण विभाग<br>❖ श्री सूचना तथा प्रसाण विभाग<br>❖ श्री प्रेस काउन्सिल नेपाल<br>❖ श्री चलचित्र विकास बोर्ड<br>❖ श्री न्याय परिषद् सचिवालय<br>❖ श्री राष्ट्रिय कला संग्रालय<br>❖ श्री जल तथा मौसम विज्ञान विभाग<br>❖ श्री शहरी शासकीय क्षमता तथा पूर्वाधार सुधार आयोजना —।। | |

| | | | |
|---|---|---|---|
| | | ❖ श्री अध्यागमन विभाग<br>(हाल सम्म ६३ वटा निकाय/IT System को Security Audit गरिएको) | |
| ५ | CERT सम्बन्धि software हरु खरिद गर्ने(सफ्टवेयर निर्माण तथा परामर्श) | सो सम्बन्धि software खरिद गर्न बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको | |
| ६ | साईबर सुरक्षा सम्बन्धी जनचेतना मुलक कार्यक्रम | निम्न सरकारी विद्यालय/उच्च मा.वि/कलेज का विद्यार्थीहरुलाई साईबर सुरक्षा सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरियो<br>❖ श्री ईन्द्रेश्वरी मा.वि, सिन्धुपाल्चोक<br>❖ श्री जनज्ञान निकेतन मा.वि, नुवाकोट<br>❖ चण्डिका मा.वि, मकवानपुर<br>❖ त्रिजुद्ध महाविर प्रसाद रगुविर राम मा.वि, पर्सा<br>जम्मा सहभागी संख्या: ३०० | |
| ७ | स्थानीय तहहरुका लागि Common Template मा निर्मित Mobile App | हाल सम्म ३२ वटा स्थानिय निकायमा लागु भएको | |
| ८ | सूचना प्रविधि मैत्री विद्यालय (Smart School) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | सूचना प्रविधि मैत्री विद्यालय (Smart School) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ मिति २०७५/०७/५ को मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत | |